# लिसंखु पाखर गाउँ पालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि

२०८०

लिसंखु पाखर गाउँ पालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

अत्तरपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश

# लिसंखु पाखर गाउँ पालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८०

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०१/१८
प्रमाणिकरण मिति २०८०/०१/०१

प्रस्तावना : यस लिसंखु पाखर गाउँ पालिकामा रहेका विभिन्न, असहायहरु, विभिन्न रोगबाट पिडित तथा ग्रसित दिर्घरोगी, दुर्घटना परेको, शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेको व्यक्तिहरु, बन्य जन्तुहरुबाट पिडित व्यक्तिहरु, आगलागी तथा बाढि पिडिट व्यक्तिहरु र सामाजिक क्षेत्रमा त्रियाशिल संघ, संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थापन गर्न लिसंखु पाखर गाउँ पालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि लिसंखु पाखर गाउँ पालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८० बनाई गाउँ कार्यपालिकाको बैठकबाट पारित गरी जारी गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो निर्देशिकाको नाम " लिसंखु पाखर गाउँ पालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ।

**२. परिभाषा :**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनुपर्छ।

(ख) "गाउँ पालिका" भन्नाले लिसंखु पाखर गाउँ पालिकालाई सम्झनुपर्छ।

(ग) "कार्यपालिका" भन्नाले लिसंखु पाखर गाउँ पालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले लिसंखु पाखर गाउँ पालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ङ) "आर्थिक सहायता" भन्नाले लिसंखु पाखर गाउँ पालिकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई सम्झनुपर्छ।

## परिच्छेद - २
## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. **लिसंखु पाखर गाउँ पालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ :**

**(१) दुर्घटना :** गाउँ बासि कुनै ठुलो दुर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनुपर्ने अवस्था भएको तर गरीबी र विपन्नताको कारण पारिवारिक आर्थिक श्रोत नभएको अवस्थामा निजलाई अवस्था हेरी एकपटकमा १० हजार सम्म उपलब्ध गराउन सकिनेछ।

**(२) दीर्घरोगी :** (क) मृगौला प्रत्यारोपण गरेका डायलाइसिस गरीरहेका, क्यान्सर रोगि र मेरुढण्ड पक्षघातका बिरामि हरुलाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्याविधि २०७८ अनुसार मासिक रु ५,००० प्रदान गरिने रोग हरु बाहेक लाई यस अधिको गाउँकार्यापालिका

बैठकाको निणर्य अनुसार मुटुको अप्रेशन र मस्तिकघातमा दिइदै आएको रु ३०,०००। लाई निरन्तरता दिईने छ ।

(ख) गाउँ बासिहरुमध्य दिर्घरोग तथा नियमित औषधि सेवन गर्नुपन अवस्था भएको तर गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक श्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा १० हजार सम्म उपलब्ध गराउने ।

**(३) असहाय :** यस गाउँ पालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकाघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारको आफन्तजन नभई बेवारिशे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेमा, आर्थिक उपार्जन तथा काम गरी खान नसक्ने अवस्था भएको गाउँपालिकावासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु १० हजार सम्म प्रदान गर्न सकिने छ ।

**(४) आगलागी तथा डढेरो पिडित :** यस गाउँ पालिकामा बसोबास गर्ने कुनै व्यक्तिको घर साथै अन्य सम्पुर्ण सम्पती आगलागी तथा डढेरो बाट क्षती ग्रस्त भई आर्थिक समस्याको कारण खान बस्नमा समस्या भएमा निजको अवस्था हेरी एक पटकमा रु. १० हजार सम्म उपलब्ध गराईने छ ।

**(५)** बन्यजन्तुले घर, गोठ, घरपालुवा जनावर र बालिनालिमा क्षती पुर्याएमा स्थानीय सर्जमिन एवं वडा कार्यालयको सिफारिसका आधारमा बढिमा रु. १० हजार सम्म दिन सकिनेछ ।

**(६)** यस कार्यविधीको दफा ३ (१), (२), (३) र (४) बमोजिमको सहायता लिसंखु पाखर गाउँ पालिकाको हकमा गाउँ पालिकाको अध्यक्षले र वडा कार्यालयको हकमा वडा अध्यक्षको सिफारिसमा गाउँ पालिकाबाट उपलब्ध गराईने छ ।

**(७)** कार्यविधिको दफा ३(५) बमोजिम उपलब्ध हुने आर्थिक सहायताको सिफारिस गर्दा सम्बन्धीत वडा अध्यक्षले पिडित व्यक्तिले अन्यत्र कुनै सरकारी निकायबाट सहायता नलिएको वा सहायता प्राप्त गर्ने सम्भावना नरहेको अवस्थामा मात्र सिफारिस गर्नुपर्नेछ ।

**(८)** कार्यविधिको दफा ३(५) बमोजिम बन्यजन्तु पिडित व्यक्तिले अन्य सरकारी निकायबाट आर्थिक सहायता लिएको पाईएमा सिफारिस कर्ताबाट सिफारिस बराबरको रकम सरकारी बाकि सरह असुल उपर गरिने छ ।

**(९)** संघ संगठन : यस गाउँ पालिकामा स्थापना भएको, दर्ता भएको, सुचिकृत भएको र गाउँ पालिकाको क्षेत्रको हित अनुकुल हुने गरी संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँ पालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरी सहकार्य गरिने छ। उक्त कार्यक्रम जिल्ला वा गाउँको पर्यटन प्रवर्द्धन, गाउँको विकास लगाउतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ। क्लब तथा संघ सस्थाहरुलाई वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुने छैन ।

**९.१ वडा, गाउँ र जिल्ला स्तर कार्यक्रम :**

(क) नगर स्तरका संघ /संस्थाले आयोजना गरेको कार्यक्रममा एक पटक रु. १ हजार देखी ५ हजार सम्म वडाको सिफारिसमा उपलब्ध गराउने ।

(ख) जिल्ला स्तरको संघ/संगठनले आयोजना गरेको कार्यक्रमको प्रकृती  र अवस्था हेरी एक पटकमा रु.१ हजार देखी ५ हजार सम्म गाउँ पालिकाको अध्यक्षको सिफारिसमा उपलब्ध गराईने छ ।

**९.२ प्रदेश र केन्द्र स्तरको कार्यक्रम :**

(क) प्रदेश स्तरको संघ/संगठनले आयोजना गरिएको कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा २ हजार देखी १० हजार सम्म उपलब्ध गराउन सकिने छ ।

## परिच्छेद - ३
## आर्थिक सहायता भुक्तानी प्रक्रिया

**१०. भुक्तानी प्रक्रिया** : गाउँपालिका अध्यक्षको तोक आदेशमा आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(१) मानवीय सहायता : दफा ३ को उपदफा (१), (२), (३) र (४) बमोजिमको आर्थिक सहायतको भुक्तानी    गर्दा देहाय बमोजिम हुनेछ ।

(क) निवेदन, नागरिकता, आवश्यकता अनुसार वडा कार्यालयको सिफारिस

(ख)  स्वास्थ्य उपचारको हकमा अस्पतालको रोग परिक्षण एवं निदानका कागजात,सक्कल विल, चेकको फोटेकपि, वडाकार्यालयको सिफारिस, निवेदक र बिरामिको नागरिकताको प्रमाणपत्र पत्र भएको हुनु पर्नेछ ।

(२) संघ/संगठनको हकमा आधिकारिक पत्र भएको हुनु पर्नेछ ।

(३) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ ।

(४) गाँउ सभाले बिनियोजन गरेको बजेटको परिधी भित्र रही एक व्यक्ति, संघ/संगठनलाई एक बर्षमा एक पटक भन्दा बढि आर्थिक सहयोग गरिने छैन ।

आज्ञाले
मंगल बहादुर बिष्ट
प्रमुख प्रशासकीय अधिकृत